
# लेखापरीक्षण प्रतिवेदन

## आमाछोदिङमो गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## आमाछोदिङ्मो गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/144

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ३ करोड ६१ लाख ८० हजार समावेश गरेको छैन।

**२.** गाउँपालिकाको रू.६२ करोड १५ लाख ३८ हजारको लेखापरीक्षणबाट रू.१ करोड १८ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ७१ हजार फर्स्योट भई बाँकी बेरूजु रु.१ करोड १२ लाख ८१ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.१४ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख ५० हजार र नियमित गर्नुपर्ने रू.५१ लाख ३० हजार रहेको छ। गत वर्षसम्म रू.१५ करोड ७८ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१६ करोड ९० लाख २ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

**३.** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | ९५ | १,१८,५२,८९७ | ० | १६ | ५,७१,४७७ | ० | ७१ | ७९ | १,१२,८१,४२० | १४,०१,६६६ | ५१,३०,२०६ | ४७,४९,५४८ | ० | ० | ९८,७९,७५४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | १५,७८,४८,९९२ | | १,२८,४८५ | १५७७२०५०७ | | १,१२,८१,४२० | १६९००१९२७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५२.५ | स्वास्थ्य चौकी व्यस्थापन कार्यक्रम | २७,५७१ |
| २ | २०८०/८१ | ५४ | स्वास्थ्य चौकी खर्च | ९०,००० |
| ३ | २०८०/८१ | ७४ | बढी भुक्तानी | २,३५० |
| ४ | २०८०/८१ | ५९ | निशुल्क पाठ्यपुस्तकमा अनुदान | ७६,३१६ |
| ५ | २०८०/८१ | ६८ | दिबा खाजा | ७६,२९० |
| ६ | २०८०/८१ | ३७ | दहत्तर बहत्तर शुल्क | २,९८,९५० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/७९ | ५० | बढी मूल्य | ३०,९८५ |
| ८ | २०७८/७९ | ४९ | कुखुरा सम्बन्धि सिप विकास तालिम | ९७,५०० |
| जम्मा | | | | ६,९९,९६२ |

# (८०३२८५०५३०० - आमाछोदिङमो गाउँपालिका, रसुवा )

## परिचय

१

**(क) कार्यालय परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आमाछोदिङमो गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ६८३ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार ३५२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०८ देखि २०८१।०५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधिबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** कार्यालयको आय-व्ययतर्फ रू ६२ करोड १५ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८३१०।- असुल भइ स्थानीय संचित कोषमा दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजस्व दाखिला नगरेको | ३२५१० |
| २ | बढी भ्रमण भत्ता लिएको | २५८०० |
| | जम्मा रू | ५८३१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको विश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् ;

२.१ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षाको रू ३६१८०२३१/८० सुत्रमा लेखाङ्कन गरेको छैन ।अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि रकम उल्लेख भएको देखिदैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ५,८४,३०,५८६.९५ | ५,८४,३०,५८६.९५ | ११,०३,६५,००६.५२ | ११,०३,६५,००६.५२ |
| १३००० | अनुदान | १६,०७,२८,०४९.४३ | १६,०७,२८,०४९.४३ | १८,२७,९१,७६४.९८ | १८,२७,९१,७६४.९८ |
| १४००० | अन्य राजस्व | २,७०,९४,८७१.९४ | २,७०,९४,८७१.९४ | ८,६५,१६५.९८ | ८,६५,१६५.९८ |
| १५००० | विविध प्राप्ति | ५,५००.०० | ५,५००.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | २४,६२,५९,००८.३२ | २४,६२,५९,००८.३२ | २९,४०,२१,९३७.४८ | २९,४०,२१,९३७.४८ |
| ३ | चालु | १५,४५,३५,०८९.०० | १५,४५,३५,०८९.०० | १५,१६,७५,८६४.११ | १५,१६,७५,८६४.११ |
| २१००० | पारिश्रमिक / सुविधा | ७,८१,३७,८२४.७९ | ७,८१,३७,८२४.७९ | ४,३९,३८,९३७.८८ | ४,३९,३८,९३७.८८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ५,२७,५२,१६१.२१ | ५,२७,५२,१६१.२१ | ५,४०,२३,०३१.२३ | ५,४०,२३,०३१.२३ |
| २५००० | सहायता (Subsidy) | १,७७,३४,६५३.०० | १,७७,३४,६५३.०० | ३,६२,७०,०९६.०० | ३,६२,७०,०९६.०० |
| २७००० | सामाजिक सुरक्षा | ३९,४६,८५०.०० | ३९,४६,८५०.०० | ३८,७६,७०२.०० | ३८,७६,७०२.०० |
| २८००० | अन्य खर्च | १९,६३,६००.०० | १९,६३,६००.०० | १,३५,६७,०९७.०० | १,३५,६७,०९७.०० |
| ४ | पूंजीगत | ८,६४,२०,३३१.०० | ८,६४,२०,३३१.०० | १३,४४,०४,९३३.०० | १३,४४,०४,९३३.०० |
| ३१११० | भवन तथा संरचना | २,२०,०५६.०० | २,२०,०५६.०० | ६६,९६,६४६.०० | ६६,९६,६४६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५१,५६,११९.०० | ५१,५६,११९.०० | ५०,५५,०३८.०० | ५०,५५,०३८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ६३,७३,३७१.०० | ६३,७३,३७१.०० | ६८,४०,०४३.०० | ६८,४०,०४३.०० |
| ३११४० | सुरक्षा उपकरण | १४,८०,९०६.०० | १४,८०,९०६.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ६,९८,५५,००७.०० | ६,९८,५५,००७.०० | १०,४२,४५,८३५.०० | १०,४२,४५,८३५.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २३,३८,७७७.०० | २३,३८,७७७.०० | ३८,५६,१९०.०० | ३८,५६,१९०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ९,९६,०९५.०० | ९,९६,०९५.०० | ७७,११,१८१.०० | ७७,११,१८१.०० |
| ख) | कुल जम्मा भुक्तानी | २४,०९,५५,४२०.०० | २४,०९,५५,४२०.०० | २८,६०,८०,७९७.११ | २८,६०,८०,७९७.११ |
| ग) | बचत /कमी (ग = क-ख ) | ५३,०३,५८८.३२ | ५३,०३,५८८.३२ | ७९,४१,१४०.३७ | ७९,४१,१४०.३७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २८,८३,७०३.९५ | २८,८३,७०३.९५ | ८६,०८,९९०.५५ | ८६,०८,९९०.५५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | १,०११.०१ | १,०११.०१ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक | ८१,८७,२९२.२७ | ८१,८७,२९२.२७ | १,६५,५०,१३०.९२ | १,६५,५०,१३०.९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १०,०८,८१,४८२.२६ | १०,०८,८१,४८२.२६ | ८,४३,३१,३५१.३४ | ८,४३,३१,३५१.३४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १०,९०,६८,७७४.५३ | १०,९०,६८,७७४.५३ | १०,०८,८१,४८२.२६ | १०,०८,८१,४८२.२६ |

२.२ **फरक हिसाबः** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १००८८०४७१.२५ | २४६२३८१८४.४५ | २४०९५५४२० | १०६१६३२३५.७० |
| एकीकृत आर्थिक विवरणअनुसार | १००८८०४७१.२५ | ३१४८६३९७३.६४ | ३०६६७३२७०.३७ | १०९०७११७४.५२ |
| फरक | ० | (६८६२५७८९.१९) | (६५७१७८५०.३७) | (२९०७९३८.८२) |

एकीकृत आर्थिक विवरणमा गाउँपालिकामा हुने सवै आम्दानी खर्च समटिएको तर सुत्र अनुसारको गाउँपालिकाको वित्तीय प्रतविवेदन म.ले.प.फा.नं.२७० मा गाउँपालिकाको सवै आम्दानी खर्च समटिएको छैन ।साथै टिप्पणी ५ अनुसार कोषहरूको प्राप्ती भुक्तानी र वाँकी विरण सँग आर्थिक म.ले.प.फा.नं.२७० को बार्षिक प्रतिवेदनसँग भिड्नु पर्नेमा सो पनि भिड्दैन।टिप्पणि र वार्षिक प्रतिवेदन नभिडेको कारण म.ले.प.फा.नं.२७० को बैंक मौज्दात र एकीकृत आर्थिक विवरणको वैंक मौज्दातमा रू २९०७९३८.८२ फरक देखिन्छ ।सवै कोष र संचितकोषको वैंक मौज्दात भिडान गर्दा संचित कोषमा रू. १०८१९२.०१ श्रेस्ता भन्दा बैंक बढी देखिन्छ ।

**एकृकित आर्थिक विवरणः**गाउँपालिकाको आर्थिक वर्ष ०८०।८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बित्तिय विवरणमा फरकः** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनसँग सोही प्रतिवेदनको टिप्पणी र अनुसुचीमा भएका प्राप्ति हिसाव यथार्थ हुनु पर्दछ । तर टिप्पणी र अनुसुचीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदन प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं.२७० | टिप्पणी १.२ (स्थानिय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण) | अनुसुची ३ (प्राप्तिको संक्षिप्त विवरण) |
|---|---|---|---|---|
| ११००० | कर | ५७७३७४७८.२५ | १४३९६३५६७.८४ | ५८४३१५९७.९५ |
| १४००० | अन्य राजस्व | २४८८३४५२.८२ | २७०९४८७१.९४ | २७०९४८७१.९४ |

टिप्पणी र अनुसुचीहरूमा पनि एउटै शिर्षकमा फरक परक रकम हुनु हुँदैन र टिप्पणी र अनुसुचीको रकम म.ले.प.फा.नं. २७० सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । फरक फरक ठाउँमा फरक फरक प्राप्ति हुँदा संचित कोषमा मौज्दात पनि फरक पर्न जान्छ, यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

२.४ **संचित कोषमा फरकः** संचित कोषको श्रेस्तामा देखिएको मौज्दात र संचित कोषको बैंक मौज्दात बराबर हुनु पर्दछ ।संचित कोषको श्रेस्ता परीक्षण गर्दा मौज्दात रू. ९६७७५१०५.०२ देखिन्छ भने संचित कोषको अन्तिम बैंक मौज्दात परीक्षण गर्दा रू ९६८८३२९७.०३ मौज्दात देखिन्छ । दुवै तर्फ एकै रकम हुनु पर्नेमा रू १०८१९२.०१ बैंकमा बढी देखिन्छ । श्रेस्तामा भएको भन्दा रू.१०८१९२.०१ बैंक मौज्दात बढी देखिएको रकम संचितकोषको श्रेस्तामा आम्दानी बाँधी हिसाव मिलान गरी पेश गर्नु पर्दछ ।

२.५ **बैङ्क हिसाब विवरणः**स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने उल्लेख छ । सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह सञ्चित कोष खाताको स्रेस्ताअनुसार रु.९६७७५१०५.९७ देखिएकोमा बैङ्क स्टेटमेन्टअनुसार रु.९६८८३२९७.०३ मौज्दात भई रु. १०८१९२.०१ फरक परेको देखिन्छ ।गाउँपालिकाले बैंक हिसाव मिलान विवरण म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले प्रयाप्त ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| **क्र.स** | **विवरण** | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | १९९ |
| २ | घरबाटो सिफारिस | ६७ |
| ३ | नाता प्रमाणित | १५८ |
| ४ | जन्म दर्ता | १३२ |
| ५ | मृत्यु दर्ता | ५५ |
| ६ | घरनक्सा पासको निवेदन | २१ |
| ७ | अन्य | २०६५ |

गाउँपालिकाबाट प्राप्त विवरणमा अन्य तर्फ २०६५ उल्लेख भएकोमा के के सेवा पुर्याएको स्पष्ट छैन ।

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

•गाउँपालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको गाउँपालिका स्तरिय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधीले अनुगमन गरी हस्ताक्षर गरेको पाइएन ।

• भ्रमाण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै भ्रमण सम्पन्न भई सकेपछि भ्रमण प्रतिवेदन समेत पेश गरेको पाइएन।

लिकाले तयार गरेको नापी किताबमा प्रत्येक रनिङ् विलमा हालसम्म भएको कामको नापी गरि चढाउनु पर्नेमा यस विलको मात्र नापी चढाउने गरेको कारण कुल कति कामको नापी भएको हो स्पष्ट देखिएको छैन साथै अन्तिम विलमा समेत कुल काम अनुसारको नापी गरेर राख्ने गरेको छैन ।कुल कार्यसम्पन्न अनुसार नापी किताब तयार गर्नुपर्दछ ।

• गाउँपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा बाटो खन्ने कार्यको लागि एक्साभेटरको भाडा मूल्य अभिबृद्धि कर समेत राखेर लागत अनुमान तयार गरेकोमा कतिपय उपभोक्ता समितिले पालिकाको मेशिन प्रयोग गरेको देखिन्छ । यसरी गर्दा उपभोक्ता समितिलाई मु.अ.कर भुक्तानी हुने भएकोले कार्यसम्पन्न प्रतिवेदन गर्दा यदि उपभोक्ताले पालिकाको मेशिन प्रयोग गरेको भएकमा सो बराबर काममा भएको भुक्तानीमा मु.अ. कर रकम कट्टा गरेर भुक्तानी गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ६३ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८ | १ | ६ | १ |
| २. | वडास्तरीय | ५५ | ५ | २० | ३० |
| | जम्मा | ६३ | ६ | २६ | ३१ |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

८ **क्षेत्रगत वजेटः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ३३ करोड ८६ लाख ६० हजार र खर्च २४ करोड ९ लाख ५५ हजारको आधारमा समग्र रूपमा बजेटको ७१.१५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७७०५२८८४.०० | ५८६०७६२३.०० | २४.३२ |
| २ | सामाजिक विकास | ५३१५५०००.०० | २३६०००७१.०० | ९.७९ |
| ३ | पूर्वाधार विकास | ६७२८४९७६.०० | ५६४३९३८१.७७ | २३.४२ |
| ४ | सुशासन विकास | १६६७२०००.०० | ८१८९९७१.०० | ३.४० |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १२४४९५१३९.६६ | ९४११८३७३.२३ | ३९.०६ |
| | **जम्मा रू** | **३३८६५९९९९.६६** | **२४०९५५४२०.००** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिक तर्फ सबैभन्दा बढी ३९.०६ प्रतिशत र सुशासन विकास सबै भन्दा घटी ३.४० प्रतिशत रहेको छ ।

## ९ बजेट पेश, पारित र अख्तियारीः

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र गाउँपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री चण्डिका तमाङ्गले मिति २०८०।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ३० करोड ४५ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१५ मा पारित भएको छ । यसै गरी गाउँपालिकाको प्रमुखले मिति २०८०।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १० आर्थिक सहायताः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। गाउँपालिकाले विपद् व्यवस्थापन तथा आर्थिक सहायत सम्बन्धी ऐन, २०७५ अनुसार यस वर्ष गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका असहाय अशक्त विरामीहरूको लागि उपचार खर्च वापत रू ९७००००/- आर्थिक सहायता वितरण गरेका छन् । गाउँपालिको आन्तरिक आम्दानी रु.६६७६५९५।- भएको अवस्थामा आम्दानीको करीब १५ प्रतिशत खर्च लेखेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । केहि उदाहरणहरू यस प्रकार छ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५४-०८०/०७/२२ | अविनाश तामाङ्ग र ताक्पा तामाङ्ग लाई भुक्तानी | ८००००/- |
| २ | ११६-८०/१०/१४ | चिदुङ्ग लामा तामाङ्गलाई भुक्तानी | ४००००/- |
| ३ | ११७-०८०/१०/१४ | जेवा ग्याल्मो घलेलाई भुक्तानी | ३००००/- |
| ४ | ११८-०८०/१०/१४ | निमा छोजि तमाङ्गलाई भुक्तानी | ३००००/- |
| ५ | १६८-०८०/११/१५ | गा.पा. अध्यक्षको तोक आदेश बमोजिम बाढी पहिरो बाट क्षेतिपुगेकोलाई | २०००००/- |
| ६ | १७१-०८०/११/१७ | गा.पा. अध्यक्षको तोक आदेश बमोजिम बाढी पहिरो बाट क्षेतिपुगेकोलाई | १६५०००/- |
| ७ | २५४-०८१/०२/०७ | गा.पा. अध्यक्षको तोक आदेश बमोजिम बाढी पहिरो बाट क्षेतिपुगेकोलाई | १२५०००/- |

### ११ कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ४ वटा ऐन, ३५ कार्यविधि लगायत ३९ वटा कानुन निर्माण गरेको छ । साथै पालिकाले ३९ वटा कानूनहरू गाउँसभा कार्यपालिकाबाट स्वीकृत गरेर उक्त कानूनहरू राजपत्रमा आंशिक प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

### १२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

### १३ आन्तरिक लेखापरीक्षणः

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष ०८०/८१ को अन्तर सरकारी अख्तियारी बाहेक सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाको आन्तरिक लेखापरीक्षणको लागि १ दरवन्दी रहेकोका उक्त दरवन्दीमा लेखापरीक्षण गर्ने समय सम्म कर्मचारी पदपूर्ति हुन नसकेको कारण सम्पूर्ण कारोबारको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । तसर्थ गाउँपालिकाले रिक्त दरवन्दी पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### १४ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| बजेट उपशिर्षक | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४९०९५ | ८६४२० | ६४४ | ३४१ | ११५७५ | ७३८५९ | ५८९३७ |
| प्रतिशत | १०० | ५७.९६ | ०.७५ | ०.३९ | १३.३९ | ८५.४७ | ६८.२० |

गाउँपालिकाको कुल पुँजितग खर्च रू ८ करोड ६४ लाख २० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू ६ लाख ४४ हजार (०.७५ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.३ लाख ४१ हजार (०.३९ प्रतिशत), तेस्रो त्रैमासिकमा रू १ करोड १५ लाख ७५ हजार (१३.३९ प्रतिशत) र चौथो त्रैमासिकमा रू ७ करोड ३८ लाख ५९ हजार (८५.४७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ५ करोड ८९ लाख ३७ हजार ( ६८.२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दीः**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ।गाउँपालिकाले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरणमा संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार स्विकृत कुल दरबन्दी संख्या ७७ रहेकोमा सो मध्ये स्थायी तथा करार ७३ र कार्यक्रम तर्फ ५ जना गरी जम्मा ७८ जना कर्मचारीहरू कार्यरत रहेको छन भने ४ जना रिक्त देखिन्छ । कार्यरत कर्मचारी मध्ये गाउँपालिका तर्फ ३१ दरवन्दी भएकोमा १७ स्थायी १४ करार, स्वास्थ्य तर्फ ३६ दरवन्दी भएकोमा ६ जना स्थायी २६ जना करार ४ जना रिक्त, वडा कार्यलय तर्फ १० दरवन्दी भएकोमा ५ स्थायी ५ करार, कार्यक्रम तर्फ ५ मध्ये उद्यम विकास सहजकर्ता २, MIS १ र फिल्ड सहायक २ देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **करारका कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी पलम्बर इलेक्टीसियन चौकिदार मालि बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले विभिन्न पदमा करारमा कर्मचारी भर्ना गरी रू ८६ लाख ९३ हजार खर्च लेखेको छ ।

१७ **जिन्सीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस गाउँपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१८ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू ५८७८२१२/- र गाउँपालिका तर्फ रू ८९८४१२१/- समेत रू १४८६२३३३/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी यो वर्ष थप भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा २ वटा मात्र फर्स्योट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ८६४२०३३१/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । गाउँपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

२२ **लक्ष्य प्रगति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार शुन्य प्रगति भइका कार्यक्रम ७२ वटा, २५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम ८ र ५० प्रतिशत प्रगति भएका कार्यक्रम सख्या ९ रहेको देखिन्छ । गाउँपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ साथै गाउँपालिकामा सञ्चालन भएका कार्यक्रमहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% भन्दा माथी प्रगति भएका कार्यक्र सख्या |
| कार्यक्रम संख्या | ४४३ | ७२ | ८ | ९ | ३५४ |

२३ **खर्च बिश्लेषणः**

गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ६६७६५९५/०५ राजस्व बाँडफाँड र अनुदानबाट रू २६४३१३८७४/८४ समेत रू २७०९९०४६९/८९ आम्दानी भएकोमा चालु तर्फ रू१५४५३५०८९/- र पूँजिगत तर्फ रू ८६४२०३३१/-समेत रू २४३३५४४८०/५० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ४०७३५००/- खर्च भएको छ जुन आन्तरिक आयको ६१.०१ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.५० प्रतिशत चालु र ३५.५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२४ **इन्धन खर्चः**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड, कार्यविधि बनाएको छैन। गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । गाउँपालिकामा चालु हालतमा रहेको पेट्रोलबाट चल्ने मोटरसाइकल १२ वटा, डिजलबाट चल्ने स्कारपियो -१, एक्साभेटर -२, एम्बुलेन्स-१ संचालनमा रहेको देखिन्छ । यस वर्ष गाउँपालिकाले ईन्धनवापत रू १६१७६७१/- खर्च गरेको छ । सो बाहेक कन्टिन्जेन्सी र अन्य कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएकोले खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणालीम अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२५ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रू. १५०००००.०० खर्च गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानी रु.६६७६५९५।- भएको अवस्थामा आम्दानीको करीब २३ प्रतिशत खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।केही उदाहरण यस प्रकार छन ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ३०-८०/०६/२२ | विभिन्न कार्यक्रमको चिया/खाजाको खर्च | ३०७६०/- |
| २ | ४५-०८०/०६/२२ | सवारी साधन मर्मत खर्च | ३३६१०/- |
| ३ | ७८-०८०/०८/२८ | गाडी मर्मतको भुक्तानी | ३९०३१/- |
| ४ | १४७-०८०/११/०१ | विभिन्न समान खरीदको भुक्तानी | १५८००/- |
| ५ | २६६-०८१/०२/२० | विभिन्न कार्यक्रमको चिया/खाजा लगायत अन्य भुक्तानी | १४३५००/- |
| ६ | ३२०-०८१/३/१४ | विभिन्न कार्यक्रमको चिया/खाजा खर्च | १८००००/- |
| ७ | ३८०-०८१/३/२२ | बिभिन्न विलको क्रियाटिभ प्रोडक्सन प्रा.लि.लाई भुक्तानी | ४३४०७५/- |

२६ **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ। गाउँपालिकाले कुन कुन वडामा जादा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडामा जादा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ । गाउँपालिकाको चालु खर्च तर्फ भ्रमण खर्चमा रू १४१९८३०/- भुक्तानी गरेको देखिन्छ । विभिन्न कार्यक्रममा भुक्तानी गरेको भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । गाउँपालिकाले कति कोष टाढा हो भनि प्रमाणित गरी भ्रमण खर्च दिनुपर्दछ । २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ। साथै अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको नियमानुसार भ्रमण अभिलेख खाता नरहेको भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाउँपालिका गएको जनाई सो वापत भ्रमण खर्च लेखेको छ ।

२७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू ७२६२४९९९.६६ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू ८५५३१९६९.८९ अर्थात अनुमान भन्दा १७.७७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२८ **आय अनुमान र असुली**

कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००००.०० | १०१००.०० | ०.३३ |
| भुमिकर/मालपोत | १५०००००.०० | ५०२२१.०१ | ३.३४ |
| घरजग्गा वहाल कर | २०००००.०० | १५७०३४४.३३ | ७८५.१७ |
| व्यवसाय कर | ०० | १२५९९०.०० | |
| वहाल विरौटी शुल्क | ०० | २११५००.०० | |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले कर असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १३५९९७५९८.८६ | ६६७६५९५.०५ | ४.९१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **कर राजस्व**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रू ३३ लाख २३ हजार आम्दानी गरेको देखिन्छ ।

| राजस्वउपशीर्षक | प्रस्तावित आय | प्राप्त रकम रु. (हजारमा) |
|---|---|---|
| एकीकृत सम्पती कर | ३००००००.०० | १०१००.०० |
| सिफारिस दस्तुर | ०० | १५०६२८.५४ |
| नक्सापास दस्तुर | ०० | ४४०२२.८५ |
| घर बहाल कर | २०००००.०० | १५७०३४४.३३ |
| व्यवसाय कर | ०० | १२५९९०.०० |
| भूमिकर। मालपोत | १५०००००.०० | ५०२२१.०१ |
| अन्य कर | २१६९४१८.०० | ३९५५१९.०० |
| अन्य आय | ०० | ४७५००.०० |
| बहाल विरौटी कर | ०० | २११५००.०० |
| अन्य दस्तुर | ०० | ७१६८०५.६५ |
| जम्मा आन्तरिक राजस्व | ६८६९४१८.०० | ३३२२६३१.३८ |

माथी उल्लेखित विवरण अनुसार सिफारिस दस्तुर, नक्शा पास, बहाल विटौली कर, अन्य आय, व्यवसायक कर आदिमा पालिकाले राजस्व अनुमान नगरेको भएतापनि सबै पालिकाको राजस्व असुलीको मुख्य हिस्सा उल्लिखित शिर्षकहरु रहेको देखिन्छ। स्थानीय निकायले आफ्नो क्षेत्राधिकार भित्रका करका क्षेत्रहरुको पहिचान गरी करको दायरा फराकिलो बनाई आन्तरकि आय बृद्धि गराउने तर्फ ध्यान दिनुपर्दछ ।

३१ **बहाल कर**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०७५ को दफा ५ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू १५७०३४४.३३ कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३२ **विज्ञापन कर**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

३३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू १२५९९०.०० कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष आन्तरिक आय तर्फ रु. ६६७६५९५.०५ असुल गरेको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

३४.१ **राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।पालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले. प फारमहरु अद्यावधिक गरी राजस्वको हिसाब राख्नुपर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले. प. फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प. फा. नं. १०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प. फा. नं ११० लगायतका राजस्वको श्रेस्ताहरु अभिलेख राखेको पाइएन । पालिकाले प्राप्त भएको राजस्व तथा प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान नगरेकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नुपर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३४.२ **नगदी रसिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।पालिकाको राजस्वको स्रेस्ता परीक्षण गर्दा आम्दानीको अभिलेख व्यवस्थित नभएको, रसिद नियन्त्रण खाता अद्यावधिक नगरिएको, रसिद नियन्त्रण खाता अभिलेख गरिएको रसिद र वडा कार्यालयबाट पेश भएको नगदी रसिद प्याड नमिलेको ( रसिद नं ११०१-११५०, वडा नं २ को ५०१-५५०, गाउँपालिको २५१- ३०० सम्मको रसिद नियन्त्रण खातामा नचढाएको , रसिद प्याड फिर्ता नआएको ( रसिद नं ५५०-६०० सम्म र ६०१-६५० को रसिद ठेली प्राप्न नभएको) रसिद नियन्त्रण खातामा नभएका ठेलीबाट आम्दानी गरेको, एउटै नम्बरको २ वटा रसिद ठेलीबाट आम्दानी गरेको ( वडा नं ४ र वडा नं ५ मा एउटै नं को ५०१ देखि ५५० सम्मको रसिद ठेली प्रयोग गरेको) देखिएकोले पालिकाले गरेको आन्तरिक आम्दानी सम्बन्धमा यकिन हुन सकिएन । रसिद नियन्त्रण खातामा अभिलेख अद्यावधिक नभएको, रसिद बुझेको रसिद र आम्दानी विवरण सहित पेश गरेको रसिदसँग मेल नभएको, एउटै नं को दोहोरो रसिद प्रयोग गरेको देखिएको कारणले छपाई भएको राजश्व रसिदको दुरुपयोग हुन सक्ने सम्भावना देखियो । यस तर्फ पालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ साथै रसिद नियन्त्रण खातामा खर्च लेखेका तर आम्दानी दाखिला नगरेको नगदी रसिद सम्वन्धमा पालिकाले यकिन गरी नियमानुसार जरिवान समेत राजस्व असुली गर्नुपर्दछ ।

३४.३ **बैंक दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित

ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका भित्रको राजस्व असुली परीक्षण गर्दा वडाबाट प्राप्त राजस्व समयमा दाखिला गर्ने गरेको पाइएन । वडा नं १ र २ बाट पौष महिनामा, वडा नं ४ बाट फागुण महिनामा र वडा नं ३ बाट आषाढ महिनामा पहिलो किस्ता राजस्व असुली गरेको पाइयो । पालिकाले राजस्व समयमा बैंक दाखिला भए नभएको अनुगमन गरी समयमा दाखिला नभएकोमा नियमानुसार जरिवाना सहित राजस्व दाखिला गराउने व्यवस्था गर्नुपर्दछ ।

३५ **ऐम्बुलेन्सको आम्दानी**

पालिकाको एम्बुलेन्स प्रयोगबापत निश्चित रकम सेवाग्राहिबाट प्राप्त गर्ने गरेको पाइयो ।पालिकाको एम्बुलेन्स आम्दानी परीक्षण गर्दा २ वटा नगदि रसिद प्रयोग बाट रु १३२०००।– आम्दानी गरेको छ ।उक्त रसिद पालिकाको जिन्सी खातामा आम्दानी नभएको र रसिद नियन्त्रण खातामा अभिलेख राखेको नपाइएकोले के कति रसिद प्रयोग भए र आम्दानी कति हो भन्ने सम्बन्धमा यकिन हुन सकिएन ।उक्त नगदि रसिद एम्बुलेन्स चालकले नै प्रयोग गर्ने गरेकोमा नगदि रसिदबाट प्राप्त रकम सञ्चित कोष दाखिला नगरी सबै रकम सिधै इन्धन खरिद गरी खर्च गर्ने गरेको चालकको भनाई रहेको छ । इन्धन खरिद सम्बन्धी बिल भरपाई माग गरी परीक्षण गर्दा रु ४८५००।- को मात्र विल रहेको छ । सबै आम्दानी खर्च गरेको तर दाखिला नगरेको र खर्चको विल भरपाई समेत पेश नगरेकोले उक्त एम्बुलेन्सबाट आम्दानी सम्बन्धमा पालिकाले छानविन गरी नपुग रकम संचित कोष दाखिला गर्न लगाउनु पर्ने र एम्बुलेन्स आम्दानी व्यवस्थित गर्नको लागि नगदि रसिद रसिद नियन्त्रण खातामा अभिलेख गराउने, लकबुक राख्ने, एम्बुलेन्सबाट प्राप्त सबै रकम तोकिएको समयमै स्थानीय संचितकोष दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ ।

३६ **एक्साभेटरको आम्दानी**

गाउँपालिकामा १ वटा पालिकाबाट खरिद भएको र १ वटा चीन सरकारबाट प्राप्त अनुदान गरी २ वटा एक्साभेटर रहेको पाइयो । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष एक्साभेटर अन्य व्यक्ति तथा उपभोक्ता समितिलाई प्रयोग गर्न दिए वापत रु ३४७८७००।– राजस्व असुली भएको देखिन्छ ।सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

३६.१ **अभिलेखः** पालिकाले एक्साभेटरबाट प्राप्त आम्दानीको नगदि रसिद प्रयोग नगरेको, के कति समय कुन व्यक्ति वा संस्थाले प्रयोग गरेको देखिने गरि कुनै सम्झौता नगरेको, के कति घण्टा के कामको लागि प्रयोग भएको देखिने गरी स्पष्ट मेशिनको लगबुक नराखेको कारणले प्राप्त भएको राजस्वको यथार्थता यकिन हुन सक्ने आधार देखिदैन ।

३६.२ **राजस्व शिर्षक अनुसारको दाखिलाः** राजस्व शिर्षक अनुसारको सुत्रको विवरणमा सरकारी सम्पत्तीबाट प्राप्त आय २०७४१५७.६७ मात्र देखिन्छ तर एक्साभेटरको आम्दानी हेर्ने सम्बन्धित शाखाबाट प्राप्त विवरणबाट रु. ३४७८७००।- राजस्व असुली भएको देखिन्छ । सो बाट प्राप्त सबै रकम स्थानीय सञ्चित कोष दाखिला भए नभएको सम्बन्धमा यकिन हुन सकेन । यस सम्बन्धमा पालिकाले थप रकम बहाल करमा दाखिला भएको कारण फरक परेको जनाएको छ ।सो सम्बन्धमा पालिकाले यकिन गरी दाखिला नभएको रकम भए दाखिला गराउनु पर्दछ ।

३६.३ **कामको मुल्याङ्कनः** पालिकाले एक्साभेटरबाट पालिकाको बाटो सफा गर्ने, पहिरो पन्छ्याउने लगायतका कार्य गर्ने गरेको उल्लेख गरेकोमा कुन कुन ठाँउमा के कति काम गरेको विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र इन्धन प्रयोग गरेको लगबुक पनि नराखेको कारण उक्त कार्य भए नभएको यकिन हुन सकेन ।पालिकाले उक्त स्काभेटरहरु मर्मतको लागि रु.२३९८८१०।– खर्च गरेको देखिन्छ। पालिकाले यस्ता कार्य गर्दा इन्धन प्रयोगको लगबुक स्पष्ट राख्ने र पालिकाको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

३७ **दहत्तर बहत्तर शुल्क**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा विक्री गर्न सक्ने व्यवस्था छ । त्यस्तै गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १५ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको प्राकृतिक स्रोत साधन ढुङ्गा, गिटि, वालुवा, माटो आदिको व्यवसायीक

उत्खनन् गरेवापत अनूसुचिमा ब्यवस्था भए बमोजिम कर लगाउने व्यवस्था छ ।पालिकाले यस वर्ष दहत्तर बहत्तर बापत रु.६३७३६३।- (संचित कोषको वित्तीय प्रतिवेदन अनुसार) असुल गरेको छ ।सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

३७.१ **IEE प्रतिवेदनः** गाउँपालिका अन्तर्गत रहेका तीन खोलाबाट ढुंगा गिटी बालुवा उत्खनन् गर्नको लागि IEE प्रतिवेदन तयार गरेको छ । उक्त IEE प्रतिवेदन अनुसार पालिकाले वार्षिक ५१६६३.७५ वर्ग मिटर नदिजन्य पदार्थ उत्खनन् गर्न सकिने देखिन्छ । IEE प्रतिवेदन स्विकृतिको लागि जिल्ला समन्वय समितिमा पेश गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि स्विकृत भएर आएको देखिएन । प्रतिवेदन समयमा स्विकृत नभएको कारण पालिकाले ढुंगा गिटी बालुवा उत्खनन् गर्नको लागि ठेक्का व्यवस्थापन गर्न नसकेको र सो को कारण पालिकाको आन्तरिक आम्दानी प्राप्त हुन नसकेको पालिकाको भनाई रहेको छ ।IEE प्रतिवेदन समयमा स्विकृत गराउने तर्फ तर्फ पालिकाले थप पहल गर्नुपर्ने देखिन्छ

३७.२ **नगदी रसिदः** पालिकाले IEE प्रतिवेदन स्विकृत नभएको कारण पालिकाले चिलिमे खोलाको केहि स्थानबाट अमानतबाट दहत्तर बहत्तर शुल्क संकलनको लागि पालिकाको २ जना कर्मचारीलाई संकलनको जिम्मा दिएको पाइयो । यसरी जिम्मा दिएकोमा कर्मचारीले नगदि रसिदबाट रु.७२२६३८।- संकलन गरेको देखिन्छ । यसरी कर्मचारीबाट रसिद उठाउँदा नगदि रसिदमा कुन प्रकारको सवारी साधन हो सो उल्लेख नगरि परिमाण मात्र उल्लेख गरेको, कतिपय परिमाणमा एकरुपता समेत नभएको कारण सो परिमाण सम्बन्धी यकिन हुन सकिएन साथै रसिद नियन्त्रण खातामा अभिलेख नभएको ठेली रसिद नं ११०१ देखि ११२८ सम्म २८ वटा नगदि रसिद जारी गरेकोमा उक्त ठेली पालिको रसिद नियन्त्रण खातामा अभिलेख नभएको देखिन्छ । यसरी रसिद नियन्त्रण खातामा नभएको रसिदबाट समेत राजस्व असुली भएकोले पालिकाको प्राप्त राजस्व सम्बन्धमा समेत यकिन हुन सकिएन ।यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

३७.३ **मूल्य अभिबृद्धि करः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७.४ **बैंक दाखिला नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। दहत्तर बहत्तर शुल्क संकलनको लागि पालिकाले निम्नानुसार २ जना कर्मचारीलाई तोकिएकोमा नगदि रसिद अनुसार प्राप्त आम्दानी सबै बैंक दाखिला भएको नदेखिएकोले रु. १५३०५०.०० सम्बन्धित राजस्व शिर्षकमा बैंक दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | नगदि रसिद अनुसार आम्दानी | बैंक दाखिला भएको रु | नपुग रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | विभाज्यकोष | मू.अ.कर | जम्मा |
| १ | देबेन्द्र घले | २८७२९१ | २५६२५५ | २७४६५ | ३५७० | ३१०३५ |
| २ | दुब्ले तामाङ | ४३५३४७ | ३१३३३२ | १०७९७७ | १४०३७ | १२२०१५ |
| | | ७२२६३८ | ५६९५८७ | १३५४४२ | १७६०७ | १५३०५० |

| असुल गर्नुपर्ने | १,५३,०५० |
|---|---|

३७.५ **विभाज्य कोष खाताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२२५,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३८ **पाइप वितरण** (१४९-२०८१-३-२३):

आर्थिक व्यवस्थापन तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्च पुष्ट्याँई गर्ने प्रमाण कागजात हुनु पर्ने उल्लेख छ ।पालिकाले वडा नं ४ वासीहरुलाई खानेपानी पाइप वितरण गर्न रु. २६४४४३/० का देहाय अनुसार पाइप खरिद गरेकोमा श्रेस्तासाथ पाइप वितरण गरेको भरपाई नरहेकोले वितरण भरपाई पेश हुनुपर्ने

| खरिद गरेको पाइप परिमाण | रकम |
|---|---|
| 20mm HDPE PN 16 3000m | १२४५०० |
| 25 mm HDPE PN 16 500m | ३१३७५ |
| 32 mm HDPE PN 16 500m | ४९५०० |
| ढुवानी | २९००० |
| जम्मा | २६४४४३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६४,४४३ |

३९ **कार्यक्रम फरक पारी खर्च**

गाउँसभाबाट पारित विनियोजन एनले निर्धारण गरेका क्रियाकलाप/कार्यक्रम/योजनाहरुको लागि विनियोजित रकम सोही अनुरुप खर्च हुनु पर्दछ । पालिकाको विनियोजन ऐन, २०८० मा संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित दुई समपुरक योजनाहरु नेसिङ देखि सानो हाकु हुँदै ठूलो हाकु जोड्ने सडक र गोलजुङ च्याम्पेल गत्लाङ सडक निर्माणको लागि पालिकाले व्यहोर्नु पर्ने रकमको लागि विनियोजित समपुरक कोषको रकम कार्यक्रम संशोधन नगरी देहायका योजनाहरुमा रु. ३३६२२५०।० खर्च गरेको देखिएकोले नियमसंगत नभएको रु

| गो भौ / मिति | योजना | खर्च रकम |
|---|---|---|
| ७।२०८०।८।२६ | पाँच बेडको प्राइमरी हस्पिटल भवन डि पि आर | ३३५८६१ |
| ९१।२०८१।३।१२ | व्राजोङनङ सडक स्तरोन्नती वडा नं ३ | ७०९६९३ |
| ९८।२०८१।३।१६ | पुच्छरटोल गोरेटो बाटो रेलिङ निर्माण | ४०२२४८ |
| १३३।२०८१३।२१ | तुम्वुसिङ ह्युमपाइप मर्मत र ग्याविन निर्माण | ९८०५४९ |
| १६३।२०८१।३।२४ | केरावारी पहिरो सडक संरक्षण वडा नं ५ | ९३३८९९ |
| जम्मा | | ३३६२२५० |

| | |
|---|---|
| अनियमित भएको | ३३,६२,२५० |

४० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि (व्यस्थापन तथा सञ्चालन) निर्दशिका, २०७१ बुदाँ नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय प्रणालीबाट सञ्चालन गर्ने कार्यका लागि सूचना प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनूरुप भए नभएको निर्धारण गरी सूचना प्रविधि विभागबाट स्वीकृती लिनु पर्दछ । पालिकाले एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन

प्रणाली स्थापनाको लागि कोड फ्युजन टेक्नोलोजीबाट रु. ४९४३७५/० को सफ्टवेयर खरिद गरी सूचना प्रणाली सञ्चालनमा ल्याएकोमा उक्त सफ्टवेयरको सूचना प्रविधि विभागबाट स्वीकृती लिएको पाईएन। तथ्यांक तथा सूचनाहरुको सुरक्षा र अन्य जोखिमहरुको सम्भावनालाई न्यून गर्नको लागि पनि निर्देशिकाको प्राबधान बमोजिम सूचना विभागको स्वीकृति लिई त्यस्ता सफ्टवेयर सञ्चालनमा ल्याउनु पर्दछ।

४१ **विपत व्यवस्थापन** (६१-२०८१-२-३०):

आर्थिक व्यवस्थापन तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्च पुष्ट्याँई गर्ने प्रमाण कागजात हुनु पर्ने उल्लेख छ । पालिकाले विपत व्यवस्थापन पूर्व तयारीको लागि त्रिपाल २५ थान, उड कटर ६ वटा, ब्ल्यांकेट २५ वटा, जस्तापाता ५० थान, सेफ्टीवेल्ट १२ वटा, वाटर सप्लाई पाइप ६ रोल, टुल बक्स ६ सेट, मेडिकल सेट ६, स्ट्रेचर ६ सेट, सावेल ६ वटा, ह्वील व्यारो १२ वटा, विड सहितकव पिक १२, गम्बुट २५ जोर, रेनकोट २० जोर, सेफ्टी जाकेट ३० वटा, ग्लोव ३० सेट, फास्ट एड बक्स २० सेट, सेफ्टी हेलमेट २२ वटा र पम्प ६ वटा गरी २१ आइटम रु ९९८७५१/० को खरिद गरी स्टोर दाखिला गरी केही आइटम वडाहरुमा पठाएको र केही आइटमहरु स्टोरमा मौज्दात रहेको छ । ती सामाग्रीहरु विपद व्यवस्थापनमा उपयोग भएको आस्वस्त पार्ने प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९८,७५१ |

४२ **जग्गाको स्वामित्व**

स्थायी प्रकृतिका भौतिक संरचना निर्माण गर्नु पूर्व जग्गा स्वामित्व प्राप्त गरिसकेको हुनु पर्दछ ।स्वामित्व नभएका जग्गामा स्थायी संरचना निर्माण गरी खर्च गर्नु हुदैन।पालिकाले समुदायको नाममा स्वामित्व नभएका जग्गाहरुमा सामुदायिक भवन निर्माणको काममा देहाय बमोजिम रु. २७२३८०८/० खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| गो भौ / मिति | योजना | खर्च रकम |
|---|---|---|
| ९३।२०८१।३।१३ | वडा नं ३ मा सामुदायिक भवन | ८४८३११ |
| ११७।२०८१।३।१८ | वडा नं ५ थाम्वुचेतमा सामादायिक भवन | १८७५४९७ |
| जम्मा | | २७२३८०८ |

४३ **रितपूर्बकको कर बिजकः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । रित पूर्कको कर वीजक बेगर देहायका फर्मबाट मु.अ.कर रू १७४६२२/- समेत रू १६११८८८/- मर्मत गरेको छ । तसर्थ उक्त फर्मले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू .....

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | बिवरण | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३७६-०८१/३/२१ | मक्कु इन्टरनेशनल प्राश्.लि. भक्तपुर | ६१९८७८२३२ | स्काभेटर मर्मत | ००६-०८१/२/२९ | ४७३९५०.०० | ६१६१३.५ | बिजक नं र मिति केरमेट गरी अर्को नयाँ राखेको |
| ३७५-०८१/३/२१ | मक्कु इन्टरनेशनल प्राश्.लि. भक्तपुर | ६१९८७८२३२ | स्काभेटर मर्मत | ०७-०८१/१/१३ | ८३९३००.०० | ११३००९ | भ्याट विल क्रमश हुनु पर्नेमा सो नभएको |
| | जम्मा | | | | १३१३२५०.०० | १७४६२२.०० | |

| अनियमित भएको | १,७४,६२२ |
|---|---|

४४ **फोटो कपि विलः** (७७-२०८०-८-२६):

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । सुदिश अटो वर्क शप, नुवाकोटले यस वर्ष गाउँपालिकाको गाडी मर्मत गरी भ्याटसहित रू २६२१६/- को फोटो कपि विल पेश गरी भुक्तानी लिएको छ । मर्मतको भुक्तानी लिंदा कुन गाडी कुन नम्वर को हो सो समेत खुलाई भुक्तानी माग गर्नु पर्नेमा सो समेत खुलेको छैन । तसर्थ सो भुक्तानी यथार्थ हो या होइन यकिन गर्न नसकिएकोले सो खर्च नियमसँगत नदेखिएको रू ......

| अनियमित भएको | २६,२१६ |
|---|---|

४५ **अन्य कार्यालयको खर्चः** (१४९-२०८०-११-१):

आर्थीक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानि दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँसभाबाट पारित वजेट तोकिएको कार्यमा मात्र खर्च गर्नु पर्ने हुँदा अन्य निकायबाट भएका खर्चको विल भुक्तानी गर्नु हुँदैन । यस वर्ष गाउँपालिकाले संघिय तर्फको सशस्त्र प्रहरी वल नं २० गुल्म हे. क्वा. रसुवाले गाडी (गाडी नं ना १ ग ५१३ )मर्मत गरेको भनि च.नं. ३२६ मिति २०८०/१०/२ को पत्र सहित विल पेश गरी भुक्तानीको लागि अनुरोध गरेको आधारमा भ्याट सहित रू ९९८९२/- उक्त वीलको भुक्तानी गाडी मर्मत गरेको भनि सुदिश अटो वर्कशप, नुवाकोट लाई गरेको देखियो । यसरी गाउँपालिकाले अन्य कार्यालबाट गरेका खर्चको विल भुक्तानी नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ९९,८९२ |
|---|---|

४६ **गाडि भाडाः**

सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८५ मा पाँच लाख रूपैयासम्म लागत अनुमान भएको अन्य सेवा सोझै खरिद गर्न सकिने र सोहि ऐनको नियम ८४ मा २० लाख रूपैयासम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने उल्लेख छ । गाउँपालिकाले यस वर्ष गाडि भाडा वापत एसिइ इनकर्पोरेटर प्रा.लि.सँग मिति ०८०/०४/०१ मा सम्झौता गरी रू १००००००/– भुक्तानी गरेकोमा नियमानुसार सिलबन्दी नगरी सोझै खरिद गरेको कार्य नियमसम्मत देखिदैन । साथै गाउँपालिकाको आन्तरिक आय ६६७६५९५/०५ भएकोमा गाडि भाडामा मात्र रू १००००००/– अर्थात आन्तरिक आम्दानीको करिब १५ प्रतिशत भुक्तानी गर्नु उचित देखिदैन । गाउँपालिकाले अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४७ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बिद्यालयका विद्यार्थिहरूलाई पोशाक,खेलकुद सामाग्री र सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ४५६५३६३/६ भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट गाउँपालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| क्र.सं. | गो.भौ.नं. / मिति | भुक्तानी पाउने फर्म | परिमाण | भुक्तानी रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३७४-०८१/०३/२१ | सम्वृद्धि एण्ड सम्पदा सप्लायर्स प्रा.लि.काठमाण्डौ | १००० थान शर्ट पाइन्ट | ९७५६२५.०० | |
| २ | ३६६-०८१/३/२० | अप्सरा प्रोडक्सन एण्ड सप्लायर्स प्रा.लि.काठमाण्डौ | १००० थान ट्र्याक सुट | ९७५६२५.०० | |
| ३ | २९०-०८१/२/३० | अभय एण्ड वाणी इन्टरप्राइजेज काठमाण्डौ | १८०० थान शर्ट पाइन्ट | ३७७५८७.५ | |
| | २९०-०८१/२/३० | अभय एण्ड वाणी इन्टरप्राइजेज काठमाण्डौ | २००१ थान शर्ट पाइन्ट | ३३६६२६.१ | |
| ४ | २९६-०८१/०३/०५ | लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज | विभिन्न शिर्षकमा खर्च | ३०००००.०० | रेड पण्डा संरक्षण भनि आर्थिक सहयोग माग भएकोमा खेलकुद र सास्कृतिक कार्यक्रममा खर्च भएको |
| ५ | ३२२-०८१/०३/१४ | वडा सचिव देवाङ तामाङ | विभिन्न | ३०००००.०० | चर्च सामग्री खरीद |
| | | | | ४०००००.०० | लामा सामाग्री खरीद |
| ६ | २६१-०८१/०२/१४ | वडा नं २ जुन तारा युवा समाज नेपाल | विभिन्न | ९०००००.०० | भलिवल तथा सास्कृति कार्यक्रम संचालन |
| | | | | ४५६५३६३.६ | |

४८ **विल विजक वेगर भुक्तानीः** (२२६-२०८१-१-१८):

आर्थीक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानि दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले महेन्द्र स्कर्पियो पिकप गाडी मासिक भाडा रू १९००००.०० का दरले लिने गरी एसिइ इनकर्पोरेटर प्रा.लि.सँग मिति ०८०/०४/०१मा सम्झौता गरेको देखियो । सो गाडी भाडा लिए वापत श्रावण देखि पुष सम्मा रू १०००००० मा रू १०००००.०० भडा कर कट्टा गरी रू ९०००००.०० भुक्तानी दिएको छ । सो भुक्तानी दिदा विल विजक वेगर भुक्तानी दिनु नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

४९ **सोझै खरीदः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले बस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी र टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू १० लाख सम्मको मालसमान खरीद कार्य सोझै गर्न सकिने, नियम ८४ रू १० लाख भन्दा माथि रू २० लाख सम्म सिलवन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले विभिन्न कार्य तथा मालसमानहरू खरीद गर्दा एकै प्रकृतिका काम टुक्रा टुक्रा गरी प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद विधिद्वारा गराएको छ । कार्यालयले निम्न फर्म सँग कार्य तथा मालसामान खरिद गर्दा रू २६६५४६३।६ भुक्तानी गरेको छ । एकै किसिमका कार्यलाई टुक्रा पारी पटक पटक खरीद गर्ने कामलाई नियन्त्रण गर्नुपर्छ ।

| क्र.सं | गो.भौ.नं. / मिति | भुक्तानी पाउने फर्म | सर्ट पाइन्ट थान | ट्रयाक सुट थान | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ३७४-०८१/०३/२१ | सम्वृद्धि एण्ड सम्पदा सप्लायर्स प्रा.लि.काठमाण्डौ | १००० | | ९७५६२५. |
| २ | ३६६-०८१/३/२० | अप्सरा प्रोडक्सन एण्ड सप्लायर्स प्रा.लि.काठमाण्डौ | | १००० | ९७५६२५. |
| ३ | २९०-०८१/२/३० | अभय एण्ड वाणी इन्टरप्राइजेज काठमाण्डौ | १८०० | | ३७७५८७.५ |
| ४ | २९०-०८१/२/३० | अभय एण्ड वाणी इन्टरप्राइजेज काठमाण्डौ | २००१ | | ३३६६२६.१ |
| | | | | जम्मा | २६६५४६३.६ |

५० **अनुगमन मूल्यांङ्कन खर्चः**

गाउँपालिकाको अनुगमन मूल्यांङ्कन कार्याविधी तथा अनुगमन मूल्यांङ्कनको वार्षिक कार्ययोजना नबनाई अनुगमन भत्ता भुक्तानी गरेको छ । गाउँपालिकाले यस वर्ष अनुगमन मूल्यांङ्कनमा रू २ लाख ६१ हजार खर्च लेखेको छ । सेवा सुविधा प्रदेश कानुनले निर्धारण गर्नुपर्नेमा गाउँपालिकाले प्रति दिनको रू १००० का दरले अनुगमन भत्ता भुक्तानी गरेको देखियो । यसरी प्रदेश कानुनले नै स्थानीय तहको सेवा सुविधा सम्बन्धी कानुन वनाइ दिनुपर्नेमा गाउँपालिकाले आफैले अनुगमन भत्ता तोकी भुक्तानी गरेको र वार्षिक अनुगमन मूल्यांङ्कन कार्ययोजना नवनाइ प्रत्येक कार्यक्रमको छुट्टै अनुगमन मूल्यांङ्कन सूचक तयार नगरी अनुगमन मूल्यांङ्कन खर्च लेखेको नियमसम्मत देखिदैन । गाउँपालिकाले अनुगमन मूल्यांङ्कन सूचक तयार गरी मितव्ययिता कामय हुने गरी अनुगमन मूल्यांङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

५१ **स्वास्थ्य चौकी व्यस्थापन कार्यक्रम**

गोल्जुङ् स्वास्थ्य चौकी व्यस्थापन कार्यक्रम अन्तर्गत २५ लाख बजेट विनियोजन भएकोमा सो सम्बन्धी देखिएका बेहोराहरु निम्नानुसार रहेका छन् ।

५१.१ (२१-२०८१-२-२८):

गोल्जुङ् स्वास्थ्य चौकी व्यस्थापन कार्यक्रममा २५ लाख विनियोजन भएको, पालिकाले निर्णय गरेर खर्च गर्न सकिने तर संसथा सुदृढीकरणका लागि आवश्यक भौतिक व्यस्थापन, औषधि उपकरण लगायत अत्यावश्यक सामग्रीको व्यवस्थापन पालिका आफैले गर्नुपर्नेमा औषधि खरिदमा बजेट रकम बाँडफाड गरी ४१७६३४।– खर्च गरेको छ यस्तो खर्च कार्यविधि विपरित भएको देखिन्छ ।खर्च गर्दा कार्यविधिको पालना गर्नुपर्दछ ।

५१.२ अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को महंगी भत्ता उपलब्ध गराउने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयलाई लेखेको पत्रमामा करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने मिति २०७९।१।१५ निर्णय उल्लेख छ । पालिका र कर्मचारी बीच भएको सम्झौताअनुसार सेवा सुविधा नेपाल सरकारले तोकिए बमोजिम हुने उल्लेख छ । पालिकाले गोल्जुङ्

स्वास्थ्य चौकी व्यस्थापन कार्यक्रम अन्तर्गत निम्न ३ जना कर्मचारीलाई रु १८०००।- महंगी भत्ता उपलब्ध गराएकोमा उक्त रकम भुक्तानी हुन नमिल्ने देखिएकोले असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

५१.३ (२१-२०८१-२-२८):

**खर्चको प्रमाणः** आर्थकि कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले एक्सरे मेशिन लगायतका १६ आइटम रु ९८००५१।- का सामग्री खरिद गरी हस्तान्तरण गरेकोमा सम्बन्धित स्वास्थ्य संस्थाले बुझेको पाइएन साथै उक्त समाग्री सम्बन्धित संस्थाको जिन्सी खातामा समेत आम्दानी बाँधेको पाइएन । सो को प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८०,०५१ |

५१.४ कर्मचारीलाई सेवा सुविधा प्रदान गर्दा कानूनमा तोकिएबमोजिम दोहोरो नपर्ने गरी भुक्तानी हुनपर्दछ । स्वास्थ्य चौकि व्यवस्थापन कार्यक्रम अन्तर्गत नियुक्त भएका कर्मचारीलाई खाना खाजा लगायतका सुविधा दिएकोमा यस्तो कार्यको लागि पालिकाले शुरुमा बजेट बाँडफाँड गरेको पाइएन ।खाना खाजा भुक्तानी गर्दा खाना खाजा वापत दैनिक बिदाको दिन ६०० र कार्यालय खुलेको दिन ४०० का दरले दिएकोमा रात्री खाजा वापत पुनः २५० थप दिएकोमा दोहोरो परेको देखिन्छ । पालिकाले यसरी रकम भुक्तानी गर्दा संघ वा प्रदेशको कुनै निर्देशिका वा नर्म्सलाई आधार समेत लिएको देखिएन । पालिकाले यस्ता किसिमका खर्च लेख्दा निर्देशिका वा नर्मशलाई आधार मानेर लेख्ने र कार्याविधी अनुसार निर्णय गरेर मात्र खर्च लेख्नुपर्दछ ।साथै खाजा खर्चमा दोहोरो परेको रकम रु असूल हुनुर्ने रु.

| गोश्वरा भौचर नं / मिति | कर्मचारीको नाम | खाना खाजा वापत खर्च लेखेको रकम | दोहोरो परेको रकम | कैफियत |
|---|---|---|---|---|
| ४०-२०८१।३।२१ | डा. सरोज श्रेष्ठ | जेठ र आषाढको खाना खाजा ४८ दिन २१२००<br>रात्री खाना/ खाजा १२००० | १२००० | |
| | शुशिला बाठा मगर | जेठ र आषाढको खाना खाजा ४८ दिन १८०००<br>रात्री खाना/ खाजा १२००० | १२००० | |
| | डोल्मो छिरिङ् तामाङ् | जेठ र आषाढको खाना खाजा ५४ दिन २४४००<br>रात्री खाना/ खाजा १३५०० | १३५०० | |
| | डा. सरोज श्रेष्ठ | बैशाखको खाना खाजा १४ दिन ६२००<br>रात्री खाना/ खाजा १३५०० | ४५०० | |
| | शुशिला बाठा मगर | बैशाखको खाना खाजा १४ दिन ६२००<br>रात्री खाना/ खाजा ४५०० | ५५०० | |
| | डोल्मो छिरिङ् तामाङ् | बैशाखको खाना खाजा १३ दिन ५६००<br>रात्री खाना/ खाजा दिन ६५०० | ६५०० | १३ दिनको मात्र हुनुपर्नेमा रात्री खाना खाजा २६ दिनको दिएकोले बढी भुक्तानी भएको |
| | | | ५४००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,००० |

५१.५ (२१-):

**बढी भुक्तानीः-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२७,५७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२ **चालु प्रकृतिको खर्च पुजिगत शिर्षकमा**

आमाछोदिम्मो पालिकाको स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ दफा ८ को (ग)पुजिगत खर्च मा चालु शिर्षक वा चालु प्रकृतिको कार्यमा खर्च गर्न नहुने व्यवस्था गरेको छ । तर पालिकाले देहायबमोजिमका चालु प्रकृतिका कृषि कार्यक्रमहरुलाई पुँजीगत शिर्षकमा रु. १०३४६००।- छुट्याई देहाय बमोजिम खर्च गरेको देखिन्छ । पालिकाले आफैले बनाएको कार्ययविधि पालना नगरेकोले यस तर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं | कार्यक्रम | रकम |
|---|---|---|
| १२ | मौसमि तरकारि विउ खरिद | ९३०० |
| ९ | विषादि तथा भिटामिन खरिद | ५४११०० |
| ३ | मौसमि तरकारीलबिउ खरिद | ४००५०० |
| जम्मा | | १०३४६०० |

५३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाखसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । सोहिबमोजिम पालिकाले यो वर्ष संघीय सशर्त बजेट र आन्तरिक चालु बजेट गरि रु २१९९०९१।- बराबरको औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन ।

• आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४ **स्वास्थ्य चौकी खर्च** (४०-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । स्वास्थ्य सेवाको मापदण्ड (Minimum service standard – Mss) निर्देशिका, २०७८।७९ अनुसार अनुदान दिँदा निर्देशिकामा उल्लेखित शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य सेवाहरुको गुणस्तर सुधारको लागि हाकु स्यास्थ्य चौकीलाई रु.३००००।- अनुदान भुक्तानी गरेको देखिन्छ । स्वास्थ्य चौकीले गुणस्तर सुधार सम्बन्धी कुनै बिल भरपाई र प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

५५ **फिल्ड भत्ता** (१३२-):

नेपाल सरकारले २०७९।४।१ गते देखी लागु हुने गरी संघ, प्रदेश र स्थानिय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । उक्त तलब भत्तामा फिल्ड भत्ताको व्यवस्था गरेको छैन । पालिकामा स्वास्थ्य शाखा अन्तर्गत कार्यरत निम्नानुसार कर्मचारीलाई मासिक रुपमा स्थानिय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी स्वास्थ्य संस्थाबाट मासिक रुपमा गाउँघर क्लिनिक सञ्चालन वापत रु. १५६५१९ स्थानीय तहका स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता शिर्षकबाट भुक्तानी गरेको छ ।स्थानिय तहमा समायोजन भई स्थानिय भत्ता पाईरहेका देहायका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त दोहोरो भत्ता रकम असुल हुनुपर्ने रू.

| क्र.स | कर्मचारीको नाम | दर | जम्मा महिना | कर बाहेकको रकम |
|---|---|---|---|---|
| १ | कमल बहादुर बिष्ट | १८५० | ११ | १७२९७ |
| २ | अमिशा थापा | १८५० | ११ | १७२९७ |
| ३ | शिलास बाठा मगर | २२५० | ११ | २१०३७ |
| ४ | सृजना तामाङ | १८५० | ११ | १७२९७ |
| ५ | धौ साङ्मो | २२५० | ११ | २१०३७ |
| ६ | रोमी तामाङ | १८५० | ११ | १७२९७ |
| ७ | शाम्भु पण्डित | २२५० | ११ | २१०३७ |
| ८ | पेम्बा साङ्गो तामाङ | २५९० | ११ | २४२२० |
| | जम्मा | | | १५६५१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५६,५१९ |

५६ **संघीय कोषबाट भुक्तानी** (९१-):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ अनुसार संघबाट स्वीकृत सामुदायीक सिकाई केन्द्रलाई भुक्तानी दिनसक्ने व्यवस्था छ । पालिकाको संघबाट स्विकृत नभएको आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गर्ने गरी स्थापना गरिएको ठूलो हाकु सामुदायीक सिकाई केन्द्रलाई रु.६००००।- संघीय बजेट शिर्षकबाट भुक्तानी भएको देखिएकोले स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोषमा फिर्ता दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

५७ **शिर्षक फरक परेको**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) बमोजिम स्वीकृत वार्षिक बजेट ,कार्यक्रम तथा खर्च शिर्षकमा खर्च गर्न बाकि रकम एकिन गरि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले बजेट विनियोजन नभएको शिर्षकमा खर्च गर्न बाकि रकम एकिन नगरि देहायबमोजिमका फरक शिर्षकमा रु. ४६७२२६।- खर्च लेखेको छ । पालिकाले नियमावली विपरित हुने गरि फरक शिर्षकमा गरेको खर्च नियमसंगत नदेखिएको रू.

| भौचर नं | बजेट शिर्षक | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| १२८ | स्थानीय तहका स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता खर्च | सर्जिकल ल्याव सामाग्री खरिद | १९०३८६ |
| १३२ | स्थानीय तहका स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता खर्च | गाउँघर क्लिनिक फिल्ड भत्ता | १८४१४० |
| १७३ | परम्परागत वैकल्पिक विद्यालयलाई शिक्षाका कार्यक्रम | समता रणनीति कार्यान्वयन तथा घरधूरी सर्वेक्षण | ९२७०० |
| जम्मा | | | ४६७२२६ |

| अनियमित भएको | ४,६७,२२६ |
|---|---|

५८ **पोशाक खरिद** (४१२-):

बाम्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७५ को दफा ३ बमोजिमको सुविधा दिनसक्ने व्यवस्था छ ।उक्त सुविधा सम्बन्धी ऐनमा पदाधिकारीलाई पोशाकको व्यवस्था गरेको देखिदैन । पालिकाले कानुन मै व्यवस्था नभएको पदाधिकारी पोशाक सुविधा वापत पोशाक खरिद एवं सिलाई खर्च बापत रु. ४८१९४५।- खर्च लेखेको देखिन्छ । उक्त पोशाक बुझेको भरपाईको प्रमाण नदेखिएकोले के कति रकमको कुन जनप्रतिनिधिले बुझेको हो यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ४,८१,९४५ |
|---|---|

५९ **निशुल्क पाठ्यपुस्तकमा अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरुकालागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुलाई दिने व्यवस्था रहेको छ ।पालिकाले यस बर्ष भौचर नं ७६ र १५५ बाट रु. ५११०२९ विद्यालयको खातामा निकासा गरेको देखिन्छ ।विद्यालयको खातामा निकासा भएको रकम २०८१ को IEMIS संख्या र जनक शिक्षा सामाग्रीको पाठ्यपुस्तकको दररेट सँग भिडाएर हेर्दा देहायका विद्यालयलाई रु ४३७०८।- बढी निकासा गरेको देखिन्छ । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढि भुक्तानी |
|---|---|---|---|---|
| १ | श्री पार्वतीकुण्ड मा.वि | ९२९५६ | ६०३१४ | ३२६४२ |
| २ | श्री तातोपानी प्रा.वि | २५०३७ | १८४४४ | ६५९३ |
| ३ | श्री पार्वतीकुण्ड प्रा.वि | ८५८६ | ४११३ | ४४७३ |
| | जम्मा | | | ४३७०८ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१६,३९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३१,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१२,८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,१९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१३,४०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,७०८ |

६० **पढ्दै कमाउदै कार्यक्रम** (५०-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं ९.२ मा पढ्दै कमाउदै कार्यक्रमको व्यवस्था गरेको छ । जसअनुसार पालिकाले यस वर्ष सिकाई सँगै उत्पादन शिर्षकमा श्री ग्रे आधारभुत विद्यालयलाई बाट रु. २ लाख भुक्तानी दिएको छ तर उक्त कार्यक्रमको रकम कुन प्रयोजनमा खर्च भयो भन्ने प्रमाण पेश नभएकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु ..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६१ **सरुवा पछि तलब निकासा** (११-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ अनुसार स्थानीय तहले विद्यालयको चौमासिक वा त्रैमासिक रुपमा तलब निकासा गर्दा विद्यालयले पठाउने माग फारामअनुसार हाजिरि प्रमाणित राखि तलब निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले श्री पार्वतीकुण्ड मा.वि बाट सरुवा भएका मा.वि तृतीय श्रेणीका शिक्षक किसुन यादवको २०८०।०३।३१ सम्म लागु हुने गरी तलब भत्ता भुक्तानी भएको भनि रमाना दिएकोमा उक्त शिक्षकलाई प्रथम त्रैमासिक रकम निकासा गर्दा रमाना लागु भएपछिको रु. ४१७०० निकासा दिएको देखिएकोले सम्बन्धीत शिक्षकबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७०० |

६२ **समानीकरण अनुदान बाट शिक्षक तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत दरबन्दीमा नपरेका गाउँपालिकाले ८ निजि शिक्षक नियुक्ती गरि तलब भत्ता वापत रु. ३२०००००।- खर्च लेखेको छ । शिक्षकलाई वित्तिय समानिकरण बजेटबाट पालिकाले निजि शिक्षक नियुक्ती गरि खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६३ **शैक्षिक सुधार प्रमाण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ अनुसार कोभिड १९ बाट क्षतिको परिपुरण तथा अन्य विपतको समयमा सिकाई निरन्तरता कार्यक्रम को लागि अनुदान दिने र उक्त रकम शैक्षिक सुधारका लागि प्रयोग गर्न सक्ने व्यवस्था छ ।पालिकाले अतिरिक्त समय कक्षा सञ्चालनको लागि संघीय बजेटबाट भौचर नं १६३ र सिकाई उपलब्धी न्युन भएका विषयमा अतिरिक्त कक्षा सञ्चालन को लागि आन्तरिक स्रोतबाट भौचर नं २८ बाट देहायबमोजिमका विद्यालयलाई रु. १० लाख ९० हजार भुक्तानी गरेको छ । विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरेको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय, कुन समयमा सञ्चालन भयो र विद्यार्थीको हाजिरि रेकर्ड जस्ता अतिरिक्त कक्षा सञ्चालन भएको कुनै आधार प्रमाण पेश भएको देखिदैन ।

लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा श्री नेपाल राष्ट्रिय मा.वि मा कक्षा ८ मा १ जना र अन्य कक्षामा कुनैमा २, कुनैमा ४ जना विद्यार्थी रहेको देखिन्छ । यस वर्षकाको एस.ई.ई. परीक्षामा समेत यस पालिका अन्तर्गतका सबै विद्यार्थीको पास प्रतिशत शुन्य रहेको देखिन्छ जसले गर्दा पालिकाले अतिरिक्त कक्षा सञ्चालन गरी रु १०९००००।– खर्च गरेकोमा यसको नतिजा प्रभावकारी समेत नदेखिएकोले पालिकाले यस तर्फ ध्यान पुर्याउनु पर्ने र अतिरिक्त कक्षा सञ्चालन गरेको आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | संघीय अनुदान | पालिका अनुदान | जम्मा अनुदान |
|---|---|---|---|---|
| १ | श्री पार्वतीकुण्ड मा.वि | ५३००० | १५५००० | २०८००० |
| २ | श्री हाकु मा.वि | ५४२०० | १५५००० | २०९२०० |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि | ४२७०० | १४०००० | १८२७०० |
| ४ | श्री सरस्वती आ.वि | २४८०० | ८०००० | १०४८०० |
| ५ | श्री गोङगोङ प्रा. वि | ९३०० | ० | ९३०० |
| ६ | श्री तातोपानी प्रा.वि | २०८०० | ० | २०८०० |
| ७ | श्री पाजुङ प्रा.वि | २१२०० | ० | २१२०० |
| ८ | श्री पार्वतीकुण्ड प्रा.वि | ११५०० | ० | ११५०० |
| ९ | श्री ग्रे आधारभुत मा.वि | ५८२०० | ८०००० | १३८२०० |
| १० | श्री गोसाईकुण्ड प्रा. वि | १९५०० | ० | १९५०० |
| ११ | श्री ज्ञानज्योती प्रा.वि | ५६००० | ० | ५६००० |
| १२ | श्री हाकु बेशी नि.मा.बि | २८८०० | ८०००० | १०८८०० |
| | जम्मा | ४००००० | ६९०००० | १०९०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९०,००० |

६४ **कार्यसम्पन्न प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ अनुसार सामुदायिक विद्यालयलाई सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित अनुदान विद्यालय सञ्चालन अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहायका विद्यालयहरुलाई संघीय र आन्तरिक स्रोतबाट रु.४२५०००।- अनुदान विद्यालयको खातामा निकासा गरेकोमा बिल , भरपाई जिन्सी दाखिला र कार्यसम्पन्न प्रमाण पेश नगरेकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु….

| क्र.स | विद्यालयको नाम | पालिका अनुदान(भौ.नं) २४ | संघीय अनुदान (भौ.नं) ४७ | जम्मा रकम |
|---|---|---|---|---|
| १ | श्री पार्वतीकुण्ड मा.वि | २०००० | ३०००० | ५०००० |
| २ | श्री हाकु मा.वि | २०००० | २५००० | ४५००० |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि | २०००० | २५००० | ४५००० |
| ४ | श्री सरस्वती आ.वि | १५००० | २०००० | ३५००० |
| ५ | श्री गोङगोङ प्रा. वि | १५००० | १५००० | ३०००० |
| ६ | श्री तातोपानी प्रा.वि | १५००० | १५००० | ३०००० |
| ७ | श्री पाजुङ प्रा.वि | १५००० | १५००० | ३०००० |
| ८ | श्री पार्वतीकुण्ड प्रा.वि | १५००० | १५००० | ३०००० |
| ९ | श्री ग्रे आधारभुत मा.वि | १५००० | २०००० | ३५००० |
| १० | श्री गोसाईकुण्ड प्रा. वि | १५००० | १५००० | ३०००० |
| ११ | श्री ज्ञानज्योती प्रा.वि | १५००० | १५००० | ३०००० |
| १२ | श्री हाकु बेशी नि.मा.बि | १५००० | २००० | ३५००० |
| | जम्मा | | | ४२५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२५,००० |

६५ **छात्रवृत्ति भरपाई** (१६४-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये आवासीय, गैरआवासीय, छात्रा र दलित विद्यार्थिहरुलाई छात्रवृति दिने व्यवस्था छ । यस पालिकाले देहायबमोजिमका विद्यालयलाई रु. ३००००।- निकासा दिएकोमा विद्यार्थीले बुझेको प्रमाण नदेखिएकोले विद्यार्थीलाई बुझाएको भरपाई को प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री तातोपानी प्रा.वि | ८००० |
| २ | श्री ग्रेङगाङ प्रा.वि | ८०० |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि | ९२०० |
| ४ | श्री पार्वतीकुण्ड मा.वि | १६०० |
| ५ | श्री सरस्वती कुण्ड आ.वि | १०४०० |
| | जम्मा | ३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

६६ **शिक्षक दरबन्दी अवस्था**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संङ्या | स्वीकृतदरबन्दी | पदपूर्ती | पदपूर्तीमध्ये करार | राहत | रिक्त | विद्यार्थीसंङ्या |
|---|---|---|---|---|---|---|
| १२ | ६४ | ६४ | २९ | ७ | ० | ९६० |

पालिका अन्तर्गत १२ विद्यालयमा ६४ दरबन्दि रहेकोमा ६४ नै पदपूर्ती रहेको र पदपूर्ती मध्ये २९ जना करार र ७ जना राहत शिक्षक रहेको देखिन्छ । १२ विद्यालयमा जम्मा विद्यार्थी संख्या ९६० रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

६७ **भेन्डिङ मेसिनको प्रयोग** (५४-):

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को (च) मा सम्पत्ति वा जिन्सी मालसमानको प्रयोग भए नभएको सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शिर्षकबाट ३ वटा भेन्डिङ मेसिन रु. १४६९९९।- मा खरिद गरेको देखिन्छ । उक्त मेसिन ३ वटा विद्यालयलाई हस्तान्तरण गरेको जनाएतापनि फिल्ड निरिक्षणको क्रममा नेपाल राष्ट्रिय मा.वि मा प्रयोग नगरि राखेको पाइयो ।त्यसैले ३ विद्यालयमा उक्त मेसिनको सञ्चालनको सुनिश्चितताको प्रमाण पेश गर्नुपर्ने रू ....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४६,९९९ |

६८ **दिबा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार सार्वजनिक विद्यालयमा अध्यनरत बाल शिक्षा देखि कक्षा ५ सम्म का जम्मा विद्यार्थी लाई विद्यालय खुलेको दिनको १५ रुपैयाका दरले १८० दिनसम्मको विद्यार्थीको प्रमाणित हाजिरिको आधारमा दिवा खाजा रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले विद्यार्थी संङ्याको आधारमा विद्यालयको खातामा यस वर्ष रु. १७७०८४०।- निकासा गरेको छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको १८० दिन भन्दा बढी २०६ दिन सम्मको रकम देहायका विद्यालयमा निकासा गरेकोमा कार्यान्यिन पुस्तिकाले तोके भन्दा बढी दिनको रु. ४२६३०।- बढी निकासा भएको देखिन्छ । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | विद्यार्थी संङ्या | निकासा दिन | बढि दिन | बढि निकासा रकम |
|---|---|---|---|---|---|
| १ | श्री पार्वतीकुण्ड मा.वि | ५२ | १९९ | १९ | १४८२० |
| २ | श्री हाकु बेशि आ.वि | ७० | १९८ | १८ | १८९०० |
| ३ | श्री गोसाईकुण्ड प्रा.वि | ३३ | १९८ | १८ | ८९१० |
| | जम्मा | | | | ४२६३० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२५,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **११,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३७,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,६३० |

६९ **विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप नगरेको र उपभोक्ता समितिहरुले विमा नै गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार ठेक्काको मर्मत अवधी कभर गर्नेगरी ठेक्काको म्याद थपसँगै विमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको विमा गराउनु पर्दछ ।

७० **डि पी आर तयारी एवं कार्यान्वयन**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्शसेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। यस वर्ष गाउँपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४००३१२९.४९ खर्च लेखेक छ।पालिकाले विभिन्न योजना कार्यान्वयनको लागि ६ योजनाको डि. पी. आर तयार गरेकोमा यस वर्ष १ योजना मात्र कार्यान्वयन भई ५ योजना कार्यान्वयन नभएको र उक्त योजनाको कार्यान्वयनको लागि आ.व. २०८१।८२ मा समेत बजेट विनियोजन गरेको पाइएन ।पालिकाले कार्यान्वयन नगर्ने योजनामा डि.पी. आर तयार गरी खर्च गर्ने गरेको उपयुक्त देखिदैन । पालिकाले कार्यान्वयन गर्ने योजनाको मात्र डि.पी. आर तयार गरी खर्च गर्नुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्यान्वयनको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०।८१ मा कार्यान्वयन भएको | २०८१।८२ मा बजेट छुट्याएको | कार्यान्वयन नभएको |
| वडा न. ३ कोवडा कार्यालय भवन निर्माण | श्री मनास्लु ईन्जिनियरिङ कन्सलटेन्ट प्रा.ली | 717267.50 | 717267.50 | | नभएको | नछुट्याइको | कार्यान्वयन नभएको |
| ५ बेड हस्पिटल रिभाइज डिपिआर | अस्मि ब्युल्डर्स एण्ड कन्स्ल्ट प्रालि | 335861.99 | 335861.99 | 148038000.36 | भएको | 20000000 | भएको |
| ग्रे खेल मैदान निर्माण | सि.वि.ई कन्सल्ट प्रा.लि | 500000 | 490420 | 20613623.08 | नभएको | नछुट्याइको | कार्यान्वयन नभएको |
| तार्कसिङ्ग वाहुन डाडा स्यो ग्रे नेसिङ् सडक | श्री इम्बार्क ईन्जिनियरिङ्गुर सर्भिज | 1500000 | 1487193 | 99059374.24 | नभएको | नछुट्याइको | कार्यान्वयन नभएको |
| गत्लाङ्ग खेलकद मैदान | नस्ट्रड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | 450000 | 427544 | 19541789.94 | नभएको | नछुट्याइको | कार्यान्यिन नभएको |
| आलु सित भण्डार | श्री सन्जिला ईन्जिनियरिङ कन्सलेट प्रा.ली | 500000 | 495053 | | नभएको | नछुट्याइको | कार्यान्वयन नभएको |
| | | 4003129.49 | | | | | |

७१ **निर्माण स्थल सुनिश्चित**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निमार्ण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । नोसिङ् देखि सानो हाकु हुँदै ठुलो हाकु जोड्ने सडक पालिकाले ठेक्का व्यवस्थापन गरी के. एल. के. निर्माण सेवाको लागत अनुमान भन्दा ६०.२६ घटेको वोलपत्र स्विकृत भएकोमा हाल निर्माण व्यवसायीले निर्माणस्थलमा स्थानीय अवरोध भएको कारण काम गर्न नसकेको भनी काम शुरु गरेको पाइएन । निर्माण व्यवसायीले पटक पटक निवेदन दिएकोमा पालिकाले विवाद समाधान सम्बन्धमा पहल गरेको पाइएन । उक्त योजना कार्यान्वयन नभएको अवस्थामा समेत कन्टिन्जेन्सी वापत रु ४ लाख खर्च गरी IEE प्रतिवेदन तयार गरेको पाइयो । यसरी निर्माणस्थल सुनिश्चित नगरी बोलपत्र आवह्वान गर्दा ठेक्का व्यवस्थापन गरेको कारण निर्माण सम्झौता भई सकेको अवस्थामा समेत काम शुरु हुन सकेको छैन ।योजनाको बोलपत्र स्विकृत गर्दा लागत अनुमानको ६०.२६ प्रतिशत घटेको अवस्थामा यो ठेक्का समाप्त गरी पुनः सोहि स्थानमा ठेक्का व्यवस्थापन गर्दा बढी लागत लाग्न सक्ने भएकोले पालिकाले विवाद समाधानको पहल गरि काम छिटो शुरु गराउन तर्फ थप पहल गर्नुपर्ने देखिन्छ ।

७२ **विशेष अनुदान**

विशेष अनदुान सम्बन्धी कार्यविधी, २०७५ को दफा ८ मा विशेष अनुदान बाट प्राप्त रकम उपोभक्तासमिति मार्फत आयोजना / कार्यक्रममा खर्च गर्न नपाइने उल्लेख छ । पालिकाले कार्यविधि विपरित विशेष अनुदानको योजना कार्यान्वयनो लागि २०८०।१२।३० मा उपभोक्ता समितिसंग रु ५५८३२७७.७४ को सम्झौता गरेको देखिन्छ । यसरी कार्यविधि विपरित कार्य गरेको कारण बजेट निकासा नभई योजना कार्यान्वयन हुन सकेन । पालिकाले उपभोक्ता समितिलाई काम गराउनको लागि सम्झौता गरेको भएता पनि सो को कार्यसम्पन्न लिई भुक्तानी भएको छैन । पालिकाले सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधिको पूर्ण रुपमा पालना गर्ने तर्फ ध्यान पुर्याउनु पर्ने देखिन्छ

७३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । गोल्जुङ् च्याम्दोल गत्लाङ् सडक निर्माण कार्यको लागि लोवेन निर्माण सेवालाई रु १२७६०००।- मोलिलाईजेशन पेश्की दिएको आर्थिक वर्षको अन्त्य सम्म फर्छयौट नभएको देखिएकोले निममानुसार फस्र्यौट हुनुपर्दछ ।

७४ **बढी भुक्तानी** (१३४-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष रु. ९ लाख ३४ हजार कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ जुन यो वर्षको पूँजीगत खर्च ८ करोड ६४ लाख २० हजारको १.०८ प्रतिशत हुन आउछ। पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख अद्यावधिक नगरेको कारण के कस्ता कार्यमा रकम खर्च भएको छ यकिन हुन सकिएन । पालिकाले अभिलेख अद्यावधिक गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

७६ **उपभोक्ता समितिलाई बढी भुक्तानी** (१२-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।दोमन खोला झोलुङ्गे पुल निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा कन्टिन्जेन्सी वापत रु १३२६६८।– र उपभोक्ता समितिको योगदान रु ८१६४१।– कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सबै कार्य सम्पन्न भएबराबर रकम उपभोक्ता समितिलाई नै भुक्तानी भएकोले बढी भुक्तानी भएको रु २१४३००९।– सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१४,३०९ |

७७ **आनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । सापन्यु देखि साकर सम्म सडक ढलान कार्यको लागत अनुमान रु २७९४८७२।– रहेकोमा उपभोक्ता समितिको लागतको १४.१३ प्रतिशत जनसहभागिता र पालिकाबाट २४ लाख भुक्तानी हुने गरि सम्झौता भएकोमा २६३२५१२। को मात्र कार्यसम्पन्न भएको छ । सम्झौता अनुसार कार्यसम्पन्न रकमबाट उपमभोक्ताको योगदान १४.१३ प्रतिशत घटाएर रु २२६०५३८।- भुक्तानी गर्नुपर्नेमा रु २२८८१७९।– भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु २७३७६।– सम्बन्धित उपभोक्ता समितबाट असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,३३७ |

७८ **पालिकाको योगदान नभएको** (१२-२०८१-३-२०):

दोमन खोला झोलुङ्गे पुल निर्माणको स्विकृत लागत अनुमान अनुसार योजनाको लागत सहभागितमा गाउँपालिकाको योगदान १३ प्रतिशत हुने उल्लेख छ । लागत अनुमानमा निर्माण सामग्री ( Cables, bulldog grips, steel parts बाहेक) र ज्याला वापतको लागत रु.२७४८६८०।- हुँदा पालिकाको योगदान ५४३१६० अर्थात १९.७६ प्रतिशत रहेको छ । सोहि अनुरुप कार्यसम्पन्न अनुसार निर्माण सामग्री र ज्याला समेत रु.२६५३३६१ को कार्यसम्पन्न भएकोमा लागत अनुमानमा भएको अनुपात अनुसार १९.७६ प्रतिशत अर्थात

५२४३०४।– पालिकाको तर्फबाट भुक्तानी हुनुपर्नेमा उक्त पुल निर्माणको अन्तिम बिल भुक्तानी गर्दा सबै रकम संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानबाट खर्च लेखेकोले संघीय सरकारबाट बढी खर्च लेखेको रु ५२४३०४।- संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२४,३०४ |

७९ **लागत सहभागिताः**

गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८० **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजना मध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५(१) अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने गरेको पाइएन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

८१ **उपभोक्ता समिति व्यवस्थापन खर्च** (१२-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुासर एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने, एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । साथै नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले दोमेन खोला झोलुङ्गे पुल निर्माण कार्य गर्दा उपभोक्ता समितिलाई उपभोक्ता व्यवस्थापन खर्च वापत रु ५५३१८।- समेत भुक्तानी भएको देखिएकोले उक्त रकम प्राप्त गर्न मिल्ने आधार पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,३१८ |

८२ **याक चौरीको वेलाङ वितरण**

पालिकाको पशु विकास शाखाबाट भाले विउ याक तथा वेलाङ खरिद गर्न तयार गरेको स्पेशिफिकेसनमा खरिद गरिने वेलाङ शारीरिक रुपले तन्दुरुस्त र स्वस्थ, २ वर्ष उमेर पुरा भएको, शारीरिक रुपले सपाङ्ग, दुबै अण्डकोष बराबर र राम्रो विकास भएको, प्रजनन सम्बन्धी तथा अन्य रोगबाट मुक्त रोग सहन सक्ने क्षमता भएका माउबाट जन्मेको, संक्रामक रोगहरु विरुद्ध नियमित खोप लगाएको परजीवि विरुद्धको औषधी खुवाएको र विमा गराएको हुनु पर्ने उल्लेख छ । पालिकाले ५ जना कृषकहरुलाई वेलाङ याक खरिदको लागि ७५ प्रतिशत अनुदान रकम जनही ३४ हजारका दरले रु. २०००००/० उपलब्ध गराएकोमा २ कृषकहरुले ती पशुहरुको विमा गराएको र उमेर खुलाएको बाहेक अन्य स्पेशीफिकेसन खुलाएको देखिएन भने अन्य ३ कृषकहरुले खरिद गरेका पशुहरुको सन्दर्भमा कुनै पनि स्पेशिफिकेसन नखुलाएको तथा विमा समेत नगरेको र यस सम्बन्धमा पशु शाखाबाट अनुगमण तथा निरीक्षण समेत भएको देखिएन । चेकजाँच गरी स्पेशिफिकेसन बमोजिम रहेको सुनिश्चता भए मात्र यस्ता अनुदान वितरण गर्नुपर्दछ ।

८३ **लागत सहभागिता**

गाउँपालिकाले निर्माण गरेको "उपभोक्ता समितिबाट निर्माण कार्य गराउने कार्यविधि" मा लागत सहभागिताको अंश १५ प्रतिशत हुनु पर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिसँग गरेको निर्माण कार्यको सबै सम्झौतामा लगभग १३ प्रतिशतको हाराहारीमा लागत

सहभागिताको अंश रहेको र सोही अनुसार सहभागिताको अंश कट्टा गरी भुक्तानी गरेको पाइएकोले पालिका आफैले बनाएको कार्यविधि तथा गरेको निर्णय पालना भएको देखिएन । केही उदाहरणहरु यस प्रकार रहेका छन ।

| उपभोक्ता समितिबाट सञ्चालित योजना | सम्पादित कामको मूल्यांकन | उपभोक्ता समितिले व्यहोरेको रकम | उपभोक्ता समितिको योगदान प्रतिशत |
|---|---|---|---|
| मेवादी देखि पुच्छरटोलसम्म सिढी ढलान | ३८५९४२ | ५१६७७ | १३.३९ |
| ठूलो हाकु गुम्बा जाने सडक पि सि सि | ५६४०४२ | ७२४८० | १२.८५ |
| ठूलो हाकु गुम्बा जाने सडक स्तरोन्नती | ३७३१३९८ | ५०६५७७ | १३.५७ |
| सामुदायिक भवन फिनिसिङ गौस्याङ | ९८४२२१ | १३५९१० | १३.८० |
| याम्लिङ गरा देखि गुम्बासम्म सिढी ढलान | १०९१७१३ | १४७२५४ | १३.४८ |

८४ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी गाउँपालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्धन गर्नु पर्दछ।

८५ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.३६१८०२३१.८० प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

८५.१ **निष्कृय लाभग्राही विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले बैंक मार्फत सम्बन्धितको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु. ३६१८०२३१.८० निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

८५.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

८५.३ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।

८५.४ **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रु.११३१५० /- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| **क्र.सं.** | **परिचयपत्र नं.** | **नाम** | **बैंक खाता नं.** | **मृत्युभएको / लगत कट्टा हुने मिति** | **लाभग्राहीको खाता जम्मा गरेको कुल रकम** | **लाभग्राहीको खातामा पठाउनुपर्ने** | **बढी भएको रकम** |
|---|---|---|---|---|---|---|---|
| 1 | २०११०५०९०११८५ | लोर्के कामी | 0800112861900002 | २०८०।१०।४ | ३६००० | २४५५० | ११४५० |
| 2 | २००५०२१००८८७२ | म्लाङ थापा तमाङ | 0800112782000002 | २०८१।१२।१५ | ३६००० | ३४००० | २००० |
| 3 | २००१०३०४०५३१६ | रिक्ची तमाङनी | 0800035371500002 | २०८०।६।२६ | २४००० | ११६०० | १२४०० |
| 4 | १९९८०२१९००५०५ | निमजा तमाङ | 0800096835000002 | २०८०।१२।१५ | ३६००० | ३४००० | २००० |
| 5 | १९९८०५१४००९८८ | छोङ लामा तमाङ | 0800097023500002 | २०८०।८।१२ | ३६००० | १८००० | १८००० |
| 6 | १९९८१२२४००६४५ | छादुप तमाङ | 0800111635500002 | २०८०।६।१२ | ३६००० | ९६०० | २६४०० |
| 7 | १९८६०३१००१०३४ | बाजा तमाङ | 0800100282800002 | २०८०।६।२३ | ३६००० | ११९०० | २४१०० |
| 8 | १९९४०२१९००३०६ | कार सिगी तामाङ | 0800100652800002 | २०८०।१२।२ | ३६००० | ३२००० | ४००० |
| 9 | १९७८०५१३०००४४ | दोक्सो झांक्री तमाङ | 0800042318400002 | २०८०।१०।१ | ३६००० | २४००० | १२००० |
| **जम्मा** | | | | | ३१२००० | १९८८५० | ११३१५० |

| असुल गर्नुपर्ने | १,१३,१५० |
|---|---|

८५.५ **प्रतिबेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र

विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : आमाछोदिङमो गाउँपालिका, रसुवा , आमाछोदिङमो गाउँपालिका , रसुवा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Gopal Prasad Dulal | २०८०-५-१७ | २०८१-११-६ |
| कार्यालय प्रमुख | Amar Bahadur G C | २०७८-१०-१६ | २०८०-५-१५ |
| कार्यालय प्रमुख | Bikash Sharma rijal | २०८१-१-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bir Bahadur Oli | २०७८-१२-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६५७,५१८ | ५,१३०,२०६ | ५,०६५,१७३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,८५२,८९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५७१,४७७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,२८१,४२० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १००८८०४७१.२५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १५६८७१००० | चालु खर्च | १५४५३५०८९ |
| प्रदेश सरकारबाट अनुदान | २८५८७५०० | पूँजीगत खर्च | ८६४२०३३१ |
| राजश्व बाँडफाँट | ७८८५५३७४.८४ | वित्तीय/अन्य व्यवस्था | ६५७१७८५०.३७ |
| आन्तरिक आय | ६६७६५९५.०५ | | |
| अन्य आय | ४३८७३५०३.७५ | | |
| कुल आय | ३१४८६३९७३.६४ | कुल खर्च | ३०६६७३२७०.३७ |
| बाँकी मौज्दात | | १०९०७११७४.५२ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आय तर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| सिनं | विवरण | रकम | सि नं | विवरण | रकम |
| १ | **गत बर्षकोजिम्मेवारी** | | १ | **जम्माखर्च** | |
| | क) सञ्चितकोष खाता | ९१४७०५०५.७० | | क) चालुखर्च खाता | १५४५३५०८९.०० |
| | ख) प्रकोपव्यवस्थापन कोष | २५०६६१५.०० | | ख) पुजिगतखर्च खाता | ८६४२०३३१.०० |
| | ग) धरौटीखाता | ६९०३३५०.५५ | | ग) निकासाफिर्ता | २४७३०४५०.५७ |
| २ | **राजश्वआन्तरिक आय तर्फ** | | २ | **कोष खर्च** | |
| | क) आन्तरिकआय | ६६७६५९५.०५ | | क) धरौटिखर्च | ४८०७१६८.०० |
| | ख) राजश्ववाँडफाड (संघ ) | ६५९५३१३४.७० | ३ | **सामाजिक सुरक्षा** | **३६१८०२३१.८०** |
| | ग) राजश्ववाँडफाड प्रदेश | १२९०२२४०.१४ | | | |
| ३ | **वित्तीयहस्तानान्तरण** | | 4 | **बैंकमौज्दात** | |
| | क) संघीयसमानीकरण | ६४१७००००.०० | | क) सञ्चितकोष खाता | ९६७७५१०५.०२ |
| | ख) संघीयसशर्त | ८५९०१०००.०० | | ख) प्रकोपव्यवस्थापन कोष | ४००६६१५.०० |
| | ख) संघीयपुजिगत | ४८०००००.०० | | ग) धरौटीखाता | ५७८०४३८.५५ |
| | घ) संघीयसमपुरक | २००००००.०० | | घ) स्थानीयतह विभाज्य कोष खाता | ६२८०१५.९७ |
| | ङ) प्रदेशसमानीकरण | ५३९२०००.०० | | ङ) स्थानीयतह विविध कोष खाता | १५०००००.०० |
| | च) प्रदेश पुजिगत | ४५०००००.०० | | च) विविधखर्च खाता | ३८०९९९.९८ |
| | छ) प्रदेशसशर्त | १५७५८०००.०० | | | |
| | ज) प्रदेशसमपुरक | १७८७५००.०० | | | |
| | झ) प्रदेशविशेष | ११५००००.०० | | | |
| ४ | **प्रकोपव्यवस्थापन कोष** | १५०००००.०० | | | |
| ५ | **धरौटीखाता** | ३६८४२५६.०० | | | |
| ६ | **स्थानीय तहविविध कोष खाता** | १५०००००.०० | | | |
| ७ | **स्थानीय तहविभाज्य कोष खाता** | ६२८०१५.९७ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | **विविध खर्चखाता** | ३८०९९९.९८ | | | |
| ९ | **सामाजिक सुरक्षा** | ३६१८०२३१.८० | | | |
| **१०** | **कुल जम्मा** | ४१५७४४४४.८९ | | **कुल जम्मा** | ४१५७४४४४.८९ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस गाउँपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसारमात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविधमा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।